# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं मार्ग २१ गते २०११ साल [ संख्या १७

## भाग १

## सल्लाहकार सभाको सूचना

प. सं. ६१२ २०११।८।१८।६

सल्लाहकार सभाको मार्ग, १३, २०११ को बैठकमा पब्लिक वर्क्स तथा संचार मन्त्री श्री माननीय भद्रकाली मिश्रले पेश गर्नुभएको "आवश्यक वस्तु संरक्षण बिल, २०११" सल्लाहकार सभाको कार्य–सञ्चालन तथा कार्य बिधिको नियम धारा ८६ अनुसार तल प्रकाशित गरिएको छ।

## आवश्यक वस्तु–संरक्षण बिल २०११

शिरबेहोरा:— जन उपयोगको आवश्यक वस्तु विशेषको संरक्षणको निमित्त बनेको विधेयक ( बिल ) सल्लाहकार सभाका सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट देहायका ऐन स्वीकृत गरी जारी गरिबक्सेको छ।

१. संक्षिप्त शीर्षक:–(क) यो ऐनको नाम 'आवश्यक वस्तु संरक्षण ऐन, २०११' रहेकोछ।

(ख) यो ऐन नेपाल राज्यभर लागू हुनेछ।



१२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः— (क) यस ऐनमा आवश्यक बस्तु विशेष भन्नाले कुनै टेलिग्राफ टेलिफोन, रोपवे, बिजुली यिनिहरूमा जडान भैरहेको मालसामान रेलबे राजमार्ग (रजैया सडक) पुल, ढल, निकाश पाइप लाइन पेट्रोल पेट्रोलको पम्प हुलाक सम्बन्धी खाने पानीको मुहान र यिनीहरूका साथमा आउने बस्तुलाई जनाउँछ।

(ख) धनी भन्नाले सरकारी गैर सरकारी मालिक र निजहरूको अधिकार प्राप्त कर्मचारी र प्रतिनिधि।

३. अनधिकृत मानिसलाई निषेध र सजायः— कसैले कुनै आवश्यक बस्तु विशेषमा अरूलाई लगाई वा आफैले हात हाल्न झिक्न चुहाल्न र कुनै किसिमले बिगार्न चोरी गर्न गर्नलगाउन हुँदैन, सो गरे गर्नलगाए ऐन सवालले हुने सजायमा थप ३ वर्षदेखि ६ वर्षसम्म कैदै वा रु १०० देखि १००० सम्म दण्ड अथवा दुवै गर्नु।

तर बनाउन मरमत गर्नको लागि धनीबाट अधिकार प्राप्त कर्मचारीले चोरी बाहेक अरू माथि लेखिएका काम गरेमा बात लाग्दैन तर यदि भवितव्य पर्नगै कुनै आवश्यक बस्तुको नोक्सान हुन गएमा सो कुराको खबर मोफसलमा भए नजीकको कुनै सरकारी अड्डामा र सदरमा भए मैजिष्ट्रेट अफिसमा दियो भने यस दफा अन्तर्गतको कसुरदार हुदैन। नोक्सानी गरेको बिगो भने बुझाउनुपर्छ।

४. अनधिकृत मानिसलाई मद्दत दिन दबाउन निषेध र सजायः— कुनै स्थानका बासिन्दाहरूले उक्त चोरी बदमासी गर्नेहरूसँग मिलेमतो गरेको वा निजहरूलाई सहाय मद्दत गरेको वा त्यस्तालाई राखे पालेको अथवा ती चोर बदमासलाई लुकाई छपाई राखेको वा कसुरबाट बचाउन खोजेको वा निचमारी रोकन नखोजेको वा जानी जानी खबर नदिएको भए त्यस्ता मानिसलाई माथि दफा ३ बमोजिम सजाय हुनेछ।

५. मैजिष्ट्रेट बडाहाकिम वा हाकिमलाई दिएको सामूहिक दण्ड गर्ने अधिकारः— कुनै इलाकामा आवश्यक बस्तु विशेषको हानी नोक्सानी चोरी भयो भनी सो


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इलाकाका सबै व्यक्ति समायके भागी हुनेछन् निजहरूलाई नोक्सानी भएका बिगाको तेवरसम्म सामूहिक दण्ड हुनेछ, सो दण्ड मोफसलमा भए, गौंडा, गढी, गोश्वाराका हाकिम बडाहाकिम र सदरमा भए मैजिष्ट्रेटले वा यस कामको निमित्त खास वा साधारण आदेश लेखिएका अफिसरले जनाउ सूचना दी गर्न सक्नेछन् ।

६. कसूरदार उपर मुनासिबमाफिकको शक्ति प्रयोग गर्ने अधिकारः— (offender) कसूरदारलाई धरामा पक्राउ गर्दा जवरजस्ती हुल हुज्जत गरी उम्कन खोज्यो भने त्यस्तालाई भरसक कोशिससाथ पक्रन खोज्न कोशिस गरी हतियार नचलाई नहुने भएमा हेड कन्स्टेवुल र सो यहाँ माथिका कुनै पुलीस अफिसरले भरसक घूँडा मनी बन्दूक हतियार चलाई गोली हानी पक्राउ गर्नु लेखिए बमोजिम गरिएकोबाट सो गर्ने सरकारी कर्मचारीलाई पनि बात लाग्ने छैन ।

७. किन्ने बेच्नेलाई सजायः— आवश्यक वस्तुको माल चोरीको हो भनी जानी जानी किन्ने बेच्ने राख्नेलाई दफा ३ बमोजिम सजाय हुनेछ ।

८. काम हुन नपाउँदै पक्रिनेलाई सजायः— सरकारी आवश्यक वस्तु चोर्न वा नोक्सान भने गएको सो ठाउँमा पुगी काम गर्न आँटेको मौकामा वा गरी रहेको मौकामा काम हुन नपाउँदै पक्राउमा परेलाई अघि यस्तै कसूरमा सजाय पाएको रहेनछ भने १ वर्ष कैद गर्नू अघि सजाय पाएको रहेछ भने लेखिएका कैदको दोबर बढाई कैद गर्नु ।

९. मुद्दा हेर्ने अख्तियारः— यस ऐनबमोजिम उठेका मुद्दाहरू मोफसलमा गौंडा, गढी, गोश्वाराका हाकिम बडाहाकिमले र सदरमा भए मैजिष्ट्रेटले हेरी किनारा गर्ने र त्यसउपरको अपील प्रधान न्यायालयमा लाग्नेछ ।

१०. यो ऐनमा नलेखिएकोमा गर्ने कामः— यो ऐनमा लेखिएको जति यही ऐन-बमोजिम र अरूमा मैरहेका ऐन सवालबमोजिम गर्नुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उद्देश्य र कारण

सबै साधारण नागरिकको उपयोग सुविस्ताका लागी ठाउँ ठाउँमा टेलीफोन रहेकोमा बद्‌मास चोरहरूले बराबर ठाउँमा जडान भैरहेको तारहरु चोरी लाइन लठ्ठाहरु बिगारी नोक्सान गरी दिएकोले खबर आदान प्रदान हुन नसकी सरकार र सर्व साधारणलाई पीर बाधा परेको बेहोरा र आवश्यक वस्तु इत्यादि कसैले चोर्न नोक्सान गर्न हुँदैन, नगर्नू। नोक्सान गरे ऐन सवालबमोजिम सजाय हुनेछ भन्ने समेत बेहोराको २००७ सालमा इश्तिहार जारी भएको र पक्राउ भएमा सरकारले सख्त सजाय गर्न बाँकी राख्नेछैन, आइन्दादेखि त्यसै किसिमसँग चोरी हुन गएमा कलेक्टीभ फाइन ( सामूहिक जरिवाना ) सबैले बेहोर्नुपर्नेछ भन्ने २००८ साल फागुण ३० गते नेपाल गजेटमा यातायात र सञ्चार विभागको सूचना भएकोमा समेत चोरी बन्द नभै झन् चोरी बढ्दै गै ठाउँ ठाउँमा ११२ दिन मात्र र अरु राज-विराज विराटनगर तर्फमा करिब ३ वर्ष र पाल्पातर्फ करिब १ वर्षसम्म नेपाल फोनमा (कन्ट्राक्ट) लाईन जोड्न नसकी टेलीफोन बन्द भै सारा जनता र सरकारलाई समेत काम काजमा बाधा परेकोले यस्तो प्रमुख सम्वाद आदान प्रदान-को साधनको बचावट गर्ने उद्देश्यले चोरी बद्‌मासी गर्नेहरुलाई पक्रन सख्त सजाय गर्नु।

आज्ञाले

कुलशेखर,

सेक्रेटरी — सल्लाहकार सभा

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २२

स्वास्थ्यमन्त्रालय तथा डब्ल्यू. यच्. ओ. सहायता—अन्तर्गत आएन्टी मेलेरिया प्रोजेक्टको कामलाई तपसीलमा लेखिएबमोजिमका मानिसहरू चाहिएका छन्। उमेद्‌वारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।